नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## प्रेस विज्ञप्ति

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरुको स्वास्थ्य परीक्षण गर्न वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२ बमोजिम सूचीकृत भई सञ्चालित स्वास्थ्य परीक्षण संस्थाहरुबाट वैदेशिक रोजगारमा जाने कामदारहरुको स्वास्थ्य परिक्षण कार्य व्यवस्थित, पारदर्शी तथा सहज बनाउने कार्य मन्त्रालयबाट हुँदै आइरहेको व्यहोरा अवगतै छ।

उपर्युक्त कार्यमा GCC (Gulf Cooperation Council) र मलेसिया लगायतका कतिपय गन्तव्य मुलुकका विभिन्न निकायहरु गैह्र सरकारी संस्था, व्यक्ति वा पदाधिकारीहरुबाट अनुगमन गर्ने, नयाँ स्वास्थ्य संस्था थपघट गर्ने, चेकजाँचका मापदण्डहरु आफूखुसी तय गर्ने र सेवा शुल्क समेत निर्धारण गर्ने गरेको बुझिन आएकोले उक्त कार्य दुईपक्षीय सहमति र कार्यविधि अनुरुप नभएको, सम्बन्धित श्रमिकहरुमा अतिरिक्त आर्थिकभार समेत बढ्न जाने हुँदा उल्लिखित कार्यहरु नगर्नु/नगराउनु हुनको साथै गर्नुपर्ने अनिवार्य आवश्यकता गन्तव्य मुलुकले यकिन गरेको खण्डमा तथ्यगत व्यहोरा खुलाई यस मन्त्रालयको पूर्व स्वीकृति र समन्वयमा मात्र गर्ने/गराउने व्यवस्था मिलाउन नेपालस्थित सम्बन्धित कूटनीतिक नियोगहरुलाई जानकारी गराउन परराष्ट्र मन्त्रालयमा अनुरोध गरिएको छ।

अतः उक्त कार्य यस मन्त्रालय वा मातहतका निकायहरुबाट स्वीकृति प्राप्त व्यक्ति वा संस्थाहरुबाट मात्र गर्न/गराउन हुन सम्बद्ध सबैको जानकारीका लागि यो विज्ञप्ति जारी गरिएको छ।

वि.सं. २०८२/११/१३

ने.सं. ११४६

(मेघनाथ रिमाल)
उपसचिव/सहायक प्रवक्ता

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोनः- ११४१, ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेव साईटः- www.moless.gov.np